annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १४२, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ३ असोज २०८२ | आश्विन कृष्णपक्ष त्रयो BE | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०






# नवपुस्ताको नवजागरण

आज संविधान दिवस। परिवर्तनको मोडमा देश पुगेको यस क्षण संविधान भने गहन संशोधनको छटपटीमा छ। जननिर्वाचित जम्बो संविधानसभाले बनाएको मूल कानुन १० वर्षमै प्रश्नको घेरामा जकडिएको छ। सुशासन खोज्न सडकमा निस्किएको 'जेन-जी' अर्थात् नवपुस्ताले शासन प्रणालीमै उलटपुलट ल्याएको छ। यससँगै राष्ट्रिय राजनीतिमा 'वास्तै छैन' भनिएका युवाको हस्तक्षेपकारी प्रवेश भएको छ। जसको सेरोफेरोमा संविधान पनि रुमलिएको छ।

जेन-जी पुस्ताले यति छोटो कालखण्डमा ३ वटा संविधान देख्यो। यो पुस्ताका ज्येष्ठ सदस्य जन्मिँदा (सन् १९९७) २०४७ को संविधान शैशवकालमा थियो। लगत्तै ६२/६३ को आन्दोलनपछि अन्तरिम संविधान आयो। र, २०७२ मा संघीयता, धर्म निरपेक्षता र गणतन्त्रसहितको संविधान बन्यो। तर, प्रविधिसँग हुर्कंदो नवपुस्ताको नवचाहना सम्बोधन अझै हुन सकेन। स्थिरता र सुशासन यसले पनि दिन सकेन। जसले गर्दा राजा ढालेको आन्दोलनलाई सम्याउँदै यो पुस्ताले फेरि राजनीतिक दलका 'नवराजा' हरूलाई ढाल्ने शक्तिशाली आन्दोलन गर्‍यो। पुरानो निराशालाई भत्काएर र नयाँ आशाको जग बसाल्ने क्षमता देखाइ छाड्यो।

संविधान दिवसको विशेषांक आज हामीले त्यही नवपुस्ताको नवधारणामा समर्पण गरेका छौं।



साथमा



संविधान सुधारौं, जेन-जीलाई फेरि सडकमा नपुऱ्याऔं

जेन-जी आन्दोलन भविष्यको आधार

संविधान जीवित दस्तावेज बनोस्

अब न्यायपूर्ण समाज

भ्रष्टाचाररहित राष्ट्र होस्

